# देवभूमी

Devbhumee National Daily

राष्ट्रिय दैनिक

वर्ष : ०१ अंक : २५ २०८० साल फागुन २९ गते मंगलबार (12 MAR. 2024) पृष्ठ : ४ मूल्य रु : ५/-







## भागेका थुनुवालाई समात्न खोज्दा प्रहरीको भिरबाट खसेर मृत्यु

● देवभूमी सम्वाददाता

**दार्चुला-** प्रहरी हिरासतमा रहेका थुनुवा भाग्न थालेपछि समात्न गएका प्रहरी जवानको भिरबाट खसेर मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाको हिरासतमा रहेका महाकाली नगरपालिका-१ उमेशसिंह कुँवर सोमबार दिउँसो भागेका थिए । त्यसक्रममा कुँवरलाई समात्न दौडिएका प्रहरी जवानको लडेर मृत्यु भएको हो।

हिरासतमा रहेका कुँवरलाई प्रहरीले सोधपुध गर्ने क्रममा भागिरहेको अवस्थामा समात्न खोज्दा भिरमा लडेर टाउकोमा गम्भीर चोट लागेका प्रहरी जवान सोहन चौधरीले ज्यान गुमाएका छन् ।

जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा कुँवरलाई प्रहरीको मुद्दा शाखामा सोधपुछको क्रममा कार्यालयको पछाडिबाट हाम फालेर भाग्ने क्रममा चौधरीले उनलाई रोक्न खोजेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी प्रहरी निरिक्षक ज्ञानेन्द्रबहादुर सिंहले बताए।

दार्चुला प्रहरीका अनुसार हतकडीसहित हामफालेका कुँवरसँगै हुत्तिएर चौधरी भीरबाट लडेका हुन । झण्डै एक सय मिटर तल खसेपछि प्रहरी जवान चौधरीको टाउको चोट लागेको थियो। उनलाई उपचारका लागि जिल्ला अस्पताल पुर्‍याउँदा मृत्यु भएको प्रहरीले जनाएको छ।

हाम फालेर भागेका कुँवर महाकाली तरेर भारततर्फ लागेका छन। प्रहरीले पनि नदी तरेर भारतीय गोरखा रेजिमेन्टका सुरक्षाकर्मीको सहयोगमा कुँवरलाई नियन्त्रणमा लिएको सूचना अधिकारी सिंहले बताए।

आफ्नै श्रीमति धनिसा कुँवरलाई बन्धक बनाएर हिंसा गरेको भन्दै उजुरी परेपछि प्रहरीले कुँवरलाई सोधपुछको लागि जाने क्रममा प्रहरी हवल्दार जयबहादुर खड्का र जवान डम्बरबहादुर ठगुन्नामाथि चक्कु प्रहार गरेका थिए। गत माघ ७

बाँकी समाचार पेज तीनमा

### नयाँ गठबन्धनलाई रोक्ने कसरत

## सरकार जोगाउन धमाधम मन्त्री थप्दै मुख्यमन्त्री शाह

● राम धामी

**डडेल्धुरा-** केन्द्रमा नयाँ सत्ता गठबन्धन बनेपछि धरापमा परेको प्रदेश सरकारको आयु लम्ब्याउन र नयाँ गठबन्धनको सरकार बन्न नदिन सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले धमाधम मन्त्रीपरिषद् विस्तार गर्न थालेका छन ।

मुख्यमन्त्री शाहले सोमबार चौथोपटक मन्त्रिपरिषद् विस्तारगर्दै नागरिक उन्मुक्ति पार्टीका सांसद लक्ष्मणकिशोर चौधरीलाई विना विभागीय मन्त्री नियुक्त गरेका छन। केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै अल्पमतमा परेका शाहले शुक्रबार मात्र नागरिक उन्मुक्ति पार्टीका दुई मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका थिए ।

नागरिक उन्मुक्ति पार्टीका कैलाश चौधरीलाई राज्यमन्त्रीबाट हटाएका मुख्यमन्त्री शाहले घनश्याम चौधरीलाई आर्थिक मामिला मन्त्री, खुसीराम चौधरीलाई बिना विभागीय मन्त्री र इन्दिरा गिरीलाई कृषि राज्यमन्त्री नियुक्त



गरेका थिए ।

नागरिक उन्मुक्ति पार्टीकै रामेश्वर चौधरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री छन। सोमबार लक्ष्मणकिशोरले मन्त्रीको सपथ लिएपछि नाउपाका सात मध्ये पाँच सांसद सरकारमा पुगेका छन । नागरिक उन्मुक्ति पार्टीका एकपछि अर्को सांसदलाई मन्त्री बनाउन थालेका मुख्यमन्त्री शाहले बहुमत जुटाउन प्रयत्न गरिरहेका छन ।

राप्रपाकी खेमादेवी विष्ट, स्वतन्त्र सांसद डा. ताराप्रसाद जोशीलाई पनि मन्त्री नियुक्त गर्ने मुख्यमन्त्री शाहको तयारी छ । 'उहाँहरुसँग संवाद भइरहेको छ। हामीलाई समर्थन गर्नुहुन्छ भन्नेमा विश्वस्त छौं', मुख्यमन्त्री शाहले ***देवभूमी***सँगको टेलिफोन संवादमा भने, 'चाँडै सरकारले विश्वासको मत पाउँछ ।'

२१ फागुनमा केन्द्रमा सरकारको नेतृत्व गरेको माओवादीले एमालेसँग नयाँ गठबन्धन बनाएसँगै मुख्यमन्त्री शाहले माओवादीका तीन र एकीकृत समाजवादीका एक मन्त्रीलाई बर्खास्त गरेका थिए।

सत्ता साझेदार दलहरुले साथ छोडेपछि अल्पमतमा परेका मुख्यमन्त्री शाह बहुमत जुटाएर सरकारको आयु लम्ब्याउने र नयाँ

बाँकी समाचार पेज तीनमा






## एमाले बैतडीको अधिवेशन शुरु

● देवभूमी सम्वाददाता

**बैतडी-** सत्तारुढ दल नेकपा (एमाले) बैतडीको नवौं जिल्ला अधिवेशन मंगलबारदेखि पाटनमा शुरु भएको छ ।

अधिवेशनको पार्टीका बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उद्घाटन गरेका छन । अधिवेशनको उद्घाटन गर्दै उनले एमालेलाई समाप्त पार्न बनेको गठबन्धन भत्किएकोमा खुसी व्यक्त गरेका छन। नयाँ गठबन्धन बनेसंगै मिसन ८४ को प्रारम्भिक बिन्दु शुरु भएको उनले जिकिर गरे ।

अधिवेशनमा जिल्लाभरिका छ सय ३१ प्रतिनिधि सहभागी छन। अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने एमाले बैतडीले जनाएको छ । उद्घाटन सत्र सकिएसिछ बेलुकी ८ बजेपछि बन्द सत्र शुरु भएको एमाले बैतडीका प्रचार विभाग प्रमुख लोकेन्द्र भण्डारीले बताए। बन्दसत्रमा पार्टीको सांगठनिक अन्य प्रतिवेदनहरु पेश हुने उनले बताए।

अधिवेशनका लागि पार्टीका केन्द्रीय सदस्य एवं उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारी लगायतका नेताहरु बैतडीमै छन। एमालेको नयाँ नेतृत्वका लागि धेरै आकांक्षीहरु रहेका भएपनि सहमतिमै नेतृत्व चयन हुने एमाले बैतडीका अध्यक्ष सुरेन्द्र पालले बताए ।

अध्यक्ष पदका लागि नरेश विक, नरेन्द्र बिष्ट, लोकेन्द्र भण्डारी, गोविन्द गिरी, हर्क धानुक र हजारी साउँद आकांक्षी छन। विक र बिष्टलाई सहमतिमा अध्यक्ष बनाउने कसरतमा नेताहरु जुटेका छन । यता एमाले डडेल्धुराको फागुन ३० गतेदेखि हुने जिल्ला अधिवेशन पाँच दिन पछि सारिएको छ । चैत ५ गते अधिवेशन हुने एमालले जनाएको छ।

देवभूमी राष्ट्रिय दैनिक ई-पेपरमा पढ्न www.jhilkonews.com लग इन गर्नुहोस ।

## महान वाणी

*असफलता झेल्ने आँट नभएकाहरु सफलताका हकदार हुनै सक्दैनन् ।*

-स्वामी विवेकानन्द

## सम्पादकीय

# सडक बिस्तारमा ढिलासुस्ती नगरौं

डडेल्धुरा सदरमुकाम क्षेत्रको सडक विस्तार र स्तरोन्नतीका लागि घर जग्गा धनीलाई मुआब्जा वितरण कार्य जारी छ। दुई चरणमा मुआब्जा वितरण भइसकेको अबस्थामा तेस्रो चरणको मुआब्जा वितरण कार्य हाल प्रक्रियामा रहेको अधिकारीहरुले जनाएका छन। हुन त चरणवद्ध रुपमा मुआब्जा वितरण गर्नुपर्ने सरकारी निकायका आफ्ना बाध्यता होलान, तर एकैपटक मुआब्जा वितरण गरेर समयमै टेन्डर आह्वान गरी सडक विस्तार र स्तरोन्नतीको काम सहज रुपमा अघि बढाउन सकिन्थ्यो। व्यवस्थित सहरको पहिलो सर्त हो, व्यवस्थित र फराकिलो सडक। तर, सरकारी निकायबीच प्रभावकारी समन्वय हुन नसक्दा देशका मुख्य सहरहरूको सडक बिस्तारमा ढिलाइ भइरहेको छ। यसले सवारीको चाप मात्र बढाएको छैन, अव्यवस्थित बजारका कारण समग्र सहरलाई नै कुरूप र अस्तव्यस्त बनाएको छ।

डडेल्धुरा सदरमुकाममा सडक विस्तारका लागि पहल शुरु भएको झण्डै दुई दशकपछि बल्ल आएर डडेल्धुरा सदरमुकाम क्षेत्रमा सडक विस्तार तथा स्तरोन्नतिको काम आरम्भ भएको हो। सडक विस्तार र स्तरोन्नतिका लागि डडेल्धुरा सदरमुकाम बागबजार क्षेत्रका सडक क्षेत्रमा पर्ने अधिकांस घर-टहरहरु भत्काइएको लामो समय भइसकेको छ। दोस्रो चरणमा मुआब्जा वितरण भएको लामो समयसम्म बाँकी घर टहरा भत्काउने काम हुन सकेको छैन भने तेस्रो चरण अन्तर्गत मुआब्जा वितरणको प्रक्रिया शुरु भएको भए पनि केहि घर जग्गा धनीहरुले मुआब्जा रकम बुझ्नका लागि निवेदन दिएका छैनन्। यसर्थ, मुआब्जा वितरणको कार्य अझ लम्बिने देखिएको छ। उसो त सुदूरपश्चिम प्रदेशकै पुरानो र प्रमुख आर्थिक केन्द्र धनगढीको मुख्य सडक बिस्तार कार्य एक दशक नाघेर बल्ल सकिन थालेको छ। अर्को पुरानो सहर महेन्द्रनगरमा अझै सडक विस्तार र स्तरोन्नतीको काम अघि बढन सकेको छैन। यो निकै विडम्बना हो।

सरकारको एक निकाय सडक बिस्तारका लागि अघि बढ्छ, अर्को निकायले तत्काल काम अघि नबढाउने आदेश दिन्छ। सीमित घरधनीको स्वार्थमा सरकारका निकायहरूले निर्णय लिन नसक्दा सडक बिस्तारको पीडा भोगिरहेका ठूला सहरहरू विकासको गतिमा दशकपछि धकेलिएको छ। २०३१ सालमा आएको सडक ऐनमा राजमार्गको चौडाइ सडकको मध्यभागबाट दायाँबायाँ दुवैतर्फ २५/२५ मिटर र सहायक राजमार्गको चौडाइ १५/१५ मिटर रहने उल्लेख छ। सोही ऐन अनुसार महाकाली राजमार्गका सडक दायाँ-बायाँ २५/२५ मिटर सडकको मुआब्जा वितरण भइरहेको हो। सडक बिस्तारको सन्दर्भमा घरधनीहरूले पाउनुपर्ने मुआब्जा दिएर काम अघि बढाउनुपर्छ। अन्यथा विकासको काममा हुने ढिलाइले समग्रमा देशलाई नै ठूलो क्षति पुग्नेछ। डडेल्धुरा सदरमुकाम क्षेत्रकै कुरा गर्ने हो भने अब सडक विस्तार र स्तरोन्नतिको काम द्रुत गतिमा अघि बढ्न जरुरी छ। अन्यथा हामी सबैले कालान्तरसम्म सडकको सास्ती खेप्नुपर्नेछ।

# प्रहरी कोषको रकम घोटाला



✍ श्रीप्रसाद प्रसाई



**हाल प्रहरी कल्याण कोषमा न्यून रकम मात्रै रहेको तथ्य सार्वजनिक भएपछि यसबारेमा छानिबिनको माग बहालवाला र पूर्वप्रहरीहरुकै तर्फबाट उठिरहेको छ ।**

करिब ४० वर्षअगाडि तत्कालीन आईजीपी डीबी लामाले स्थापना गरेको नेपाल प्रहरीको प्रहरी कल्याण कोष अध्यावधिक कायमै छ। विशेषगरी पूर्वप्रहरी कर्मचारी र बहालवाला प्रहरीकै हित र कल्याणका लागि प्रहरी कल्याण कोषको स्थापना गरिएको थियो।

प्रारम्भमा सबै तहका प्रहरी कर्मचारीकै मासिक ३ प्रतिशत तलब, प्रहरीको सांस्कृतिक टोलीले मुलुकका बिभिन्न क्षेत्रमा पुगी सशुल्क प्रदर्शन गरेको सांस्कृतिक कार्यक्रमबाट संकलित रकम, सर्वसाधारणले सशुल्क प्रहरी बैन्ड प्रयोग गरेबापत जम्मा गरेको शुल्क तथा समयसमयमा प्रहरीभित्रै मनोरञ्जनका लागि चलाइएको राफल चिठा र बिंगोबाट संकलित रकमसमेतलाई जम्मा पारेर प्रहरी कल्याण कोषको स्थापना गरिएको थियो।

स्थापनाकालमा यो स्तम्भकार प्रहरी प्रधान कार्यालयको कर्मचारी प्रशासन शाखामा प्रहरी नायब निरिक्षक पदमा कार्यरत थियो। त्यसताका मासिक ८ सय रुपैयाँ तलब खाने स्तम्भकारले कल्याण कोषमा ३ प्रतिशतका दरले मासिक २४ रुपैयाँबाट रकम जम्मा गर्न थालेको थियो। यसक्रममा जागिरको अन्त्यसम्म वा २०६६ सालसम्म २६ वर्ष निरन्तर कायम रह्यो।

डीएसपीबाट अवकाश हुँदाको समयको मासिक तलब १६ हजार हुँदा त्यसको ३ प्रतिशतले ४ सय ५० रुपैयाँ प्रतिमहिना स्तम्भकारले कोषमा जमा गर्थ्यो। २०४० सालदेखि यता भर्ना हुने, अवकाश हुने सबै पूर्वप्रहरी र सेवारत प्रहरीले पनि यसैगरी प्रहरी कल्याण कोषमा रकम जम्मा गरेका छन।

यसरी प्रहरी कल्याण कोषमा रकम जम्मा गरेर हालसम्म अवकाश भएका ४५ हजार तथा उपदान लिने र छोटो अवधिमै जागिर छोड्ने २५ हजारसमेत गरी पूर्वप्रहरीको कुल संख्या अहिले करिब ७० हजार छ। ७० हजार पूर्वप्रहरीकै रगत पसिनाबाट संकलित रकमकै हिस्सा प्रहरी कल्याण कोषमा छ। यसैले, प्रहरी कल्याण कोषका हरेक गतिविधिउपर पूर्वप्रहरीहरूको विशेष चासो र सरोकार रहन्छ।

पूर्वप्रहरीहरूले केन्द्रदेखि प्रदेशसम्म हाल सञ्चालनमा रहेका नेपाल प्रहरी अस्पतालबाट वार्षिक औसत रूपमा ३ करोडबराबरको औषधि उपचार सेवा प्राप्त गर्दै आएका छन। हाल सेवामा कार्यरत ८० हजार प्रहरी र ७० हजार पूर्वप्रहरीबीच औषधि उपचारमा खासै भिन्नता त छैन, सबैले समान सेवा पाएका छन। पूर्वप्रहरीहरूले यसलाई राहतकै रूपमा लिएका छन।

प्रहरीको कर्तव्य क्षेत्रको विस्तार सँगसँगै कल्याण कोषको रकम संकलित क्षेत्र पनि विस्तारित हुँदै आयो। यसक्रममा सर्वप्रथम २०४८ सालदेखि नेपाल प्रहरी विश्वका विभिन्न मुलुकमा सिर्जित असामान्य अवस्थालाई साम्य बनाउने क्रममा संयुक्त राष्ट्रसंघद्वारा स्थापित यूएन मिसनमा सहभागी बन्न थाल्यो। यही सिलसिलामा संयुक्त राष्ट्रसंघकै अनुरोधमा नेपाल प्रहरी २०४८ सालमा पूर्वयुगोस्लाभियामा स्थापित मिसनमा खटियो।

युगोस्लाभियाबाट प्रारम्भ भएको प्रहरी मिसनले प्रहरी कर्मचारीको मात्र होइन, प्रहरी कल्याण कोषकै आम्दानीको स्रोत पनि बढाउँदै ल्यायो। संयुक्त राष्ट्रसंघले द्वन्द्व एवं हिंसाग्रस्त विश्वका विभिन्न मुलुकमा शान्ति स्थापनार्थ मिसन स्थापित गरी नेपाललाई पनि सहभागी बन्ने अवसर प्रदान गरेपछि मिसनमा जाने प्रहरीहरूको संख्यामा पनि क्रमशः वृद्धि हुँदै आयो।

सामान्यतया घटीमा ६ महिनादेखि बढीमा वर्ष दिनसम्म खटिने मिसनमा अहिलेसम्म नेपाल प्रहरीका तर्फबाट दुई हजार आठ सयको संख्यामा अब्जर्भर र आठ हजारको प्रहरी संख्याले एपीयू मिसनमा सहभागिता जनाइसकेको छ। मिसनमा खटिएका यिनै प्रहरीको संख्याबाट प्रतिव्यक्ति घटीमा ३ लाखदेखि बढीमा १० लाखसम्म अर्थात् औसत रूपमा प्रतिव्यक्ति ६ लाखका दरले प्रहरी कल्याण कोषमा रकम जम्मा भएको छ।

यसका अतिरिक्त अन्य विविध क्षेत्रबाट संकलित रकमसमेत गरी अहिले प्रहरी कल्याण कोषमा करिब १० अर्ब रकम सञ्चित हुनुपर्ने प्रहरीहरूको अनुमान छ। यसमध्ये पनि मौज्दात रकममध्येको करिब ५० प्रतिशत रकम पूर्वप्रहरीहरूकै तर्फबाट जम्मा भएको छ।

तर, अहिले नेपाल प्रहरीले कल्याण कोषमा सञ्चित रहेको रकमबाटै मुलुकका अन्य विभिन्न स्थानमा पेट्रोल पम्प र गेस्ट हाउस सञ्चालन गराउने उद्देश्यले झन्डै ७५ करोड रुपैयाँ छुट्याइएको तथा कल्याण कोषमा अहिले चार अर्ब रकम सञ्चित रहेको कुरा पनि सार्वजनिक गऱ्यो। चालू पेट्रोल पम्प र गेस्ट हाउसकै विद्यमान आम्दानीको अवस्था बारेमा सबै प्रहरी कर्मचारी जानकार छन।

यही अवस्थामा लगानीको ग्यारेन्टी नै नभई पुनः पेट्रोल पम्प र गेस्ट हाउसमा त्यति ठूलो रकम लगानी गर्न खोज्नुले पनि प्रहरी एवं पूर्वप्रहरीहरू सशंकित भएका हुन। प्रहरी कल्याण कोषमा न्यून रकम मात्रै रहेको सार्वजनिक भएपछि यसबारेमा छानिबिनको माग बहालवाला र पूर्वप्रहरीहरूकै तर्फबाट उठिरहेको छ। जुन स्वाभाविक हो।

यूएन मिसनबाहेक प्रहरी कल्याण कोषमा रकम जम्मा हुने अन्य विविध स्रोत पनि छन। यसमध्ये प्रहरी बैन्ड, पेट्रोल पम्प, प्रहरी गेस्ट हाउस, सटरबाट प्राप्त हुने भाडा तथा होजियारी प्रमुख हुन। यी विविध शीर्षकबाट प्रहरी कल्याण कोषमा कसरी रकम सञ्चित हुँदै आएको छ भन्ने तर्फ सामान्य चर्चा गरौं।

सिजनमा हुने विवाह ब्रतबन्धमा सर्वसाधारणबाट प्रहरी बैन्डको माग उच्च हुने गर्छ। अग्रीम बुकिङ नगरे सीमित संख्यामा रहेको प्रहरी बैन्ड टोली मागनुसार सबैलाई उपलब्ध गराउन समस्या पर्दै आएको छ। प्रहरी बैन्डप्रतिको सर्वसाधारणमा बढ्दो आकर्षण पनि प्रहरी बैन्डको स्तर नै हो। यो समस्त प्रहरीकै गौरवकै विषय हो। कतिपयले फुल बैन्ड माग गर्छन, भने कतिपयले

बाँकी विचार पेज तीनमा

# आगलागीबाट क्षतिग्रस्त कर्णाली पुलमा आवतजावत बन्द

**चिसापानी (देस)**-गुडिरहेको ट्रकमा आगलागी भएर पुलमा क्षति पुगेपछि कैलालीको चिसापानीस्थित कर्णाली पुलमा आवतजावत बन्द गरिएको छ ।

विरगन्जबाट धनगढीतर्फ गइरहेको लाइटर बोकेको ना ५ ख ५२९७ नम्बरको ट्रक कञ्चनपुर घर भएका ३२ वर्षीय जगन्नाथ जोशीले गुडाइ रहेका थिए । बर्दियाको चेकपोष्ट कटेपछि कर्णाली पुलमा पुग्दा ट्रक पछाडि आगो सल्किसकेको थियो ।

स्थानीय पत्रकार रमित पाण्डेका अनुसार पुलमा फोटो खिच्ने फोटोग्राफरले भनेपछि मात्रै ट्रक चालकले आगो सल्किएको भेउ पाएका थिए । त्यसपछि लगत्तै प्रहरीलाई खबर गरिएको थियो। इलाका प्रहरी कार्यालय चिसापानीका इन्स्पेक्टर हरिराम डाँगीको टोलीले ट्रकमा रहेका स्टाफहरुलाई सकुशल उद्धार गरेका थिए ।

केही छिनमा कैलालीको लम्कीचुहा नगरपालिकाको दमकल आएपछि आगो नियन्त्रणमा लिने प्रयास भएको थियो। निकै समयपछि दमकल, जेसीबी, प्रहरी र नेपाली सेनाको प्रयासबाट अहिले आगो नियन्त्रणमा आइसकेको छ। आगलागीबाट ट्रक पूर्ण रुपमा जलेको छ ।

आगलागीबाट पुलका लड्डासमेतमा क्षति भएको छ। सोही कारण सुरक्षाको दृष्टिकोणले पुलमा आवतजावत बन्द गरिएको छ। प्रहरीका अनुसार आगलागीबाट पुलमा भएको क्षतिको यकिन गर्न इन्जिनियरको टोली काठमाडौंबाट पुगिसकेको छ। उक्त टोलीले अनुगमन गरेपछि मात्रै पुल आवतजावतका लागि सुचारु हुने सम्भावना रहेको जनाइएको छ।

## सरकार ....

गठबन्धनलाई रोक्ने रणनीतिमा छन। ५३ सदस्यीय प्रदेशसभामा एक सिट रिक्त रहेको र नेपाली काँग्रेसका १८ र नागरिक उन्मुक्तिका सात सांसद छन।

राप्रपा र एक स्वतन्त्र सांसद डा. जोशीको समर्थन जुटाउने सकेमा मुख्यमन्त्री शाहलाई बहुमत पुग्छ। नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरी मुख्यमन्त्री शाहका पक्षमा रहेको र चौधरीकै जोडमा मन्त्रिमण्डल विस्तार भइरहेको छ।

तर अध्यक्ष रञ्जिता चौधरीले सल्लाह नगरी सरकारमा गएको भन्दै फिर्ता हुन निर्देशन दिएपछि मुख्यमन्त्री शाह समेत अठ्यारोमा परेका थिए । नयाँ सत्ता गठबन्धनमा एमालेका उपसभामुखसहित १०, माओवादी केन्द्रका सभामुखसहित ११ र समाजवादीका चार सांसद छन। सभामुखले राजीनामा दिएमा नयाँ गठबन्धनलाई दुई सांसद थप चाहिने अंक गणित छ।

# प्रहरी कोषको रकम घोटाला ..........

हाफ बैन्ड मात्रै पनि माग गरेका हुन्छन । फुल बैन्ड र हाफ बैन्डको संख्या तथा शुल्क पनि फरकफरक नै छ ।

प्रहरी बैन्डबाट तोकिए अनुसार उठेको शुल्क प्रहरी कल्याण कोषमा जम्मा गरिन्छ। कल्याण कोषमा रकम कसरी संकलित हुन्छ भन्ने दृष्टान्तका लागि प्रहरी बैन्ड र प्रहरी गेस्ट हाउसलाई नै हेरौं । प्रहरी बैन्ड अहिले नेपाल प्रहरी संगीत विद्यालयमा राखिएको छ । महाराजगन्जस्थित प्रहरी संगीत विद्यालयले बैन्ड टोलीको व्यवस्था गर्छ ।

बहालवाला र पूर्वप्रहरी कर्मचारी मात्रै होइन, सर्वसाधारण नागरिककै मागनुसार प्रहरीकै बैन्ड खटाउँदा संगीत विद्यालयमा रहेको बैन्ड टोलीलाई प्रहरी प्रधान कार्यालयकै प्रशासन विभाग अन्तर्गतको जनसम्पर्क शाखाले खटाउने गर्छ । बैन्ड टोलीको शुल्कबापतको रकम पनि जनसम्पर्क शाखामार्फत नै प्रहरी कल्याण कोषमा जम्मा गर्ने व्यवस्था छ।

११ जनाको संख्यामा हुने फुल बैन्डको विगत २०७८ सालदेखि अहिलेसम्म तोकिएको दिनको ३० हजार छ। ७ जनाको संख्यामा हुने हफ बैन्डको दैनिक शुल्क पनि २५ हजार छ। जुन शुल्क सर्वसाधारणका लागि तोकिएको हो । यसका अलावा बहालवाला र पूर्वप्रहरी कर्मचारीहरूका लागि फुल बैन्ड र हाफ बैन्डमा तोकिएको उल्लिखित शुल्कमा १० प्रतिशत शुल्क मात्रै तिर्दा हुने बाँकी ९० प्रतिशत छुट हुने व्यवस्था छ।

भूपू र बहालवाला प्रहरीलाई प्रहरी संगठनले गरेको यो समान व्यवहार स्वागतयोग्य छ । यसैगरी, प्रहरी कल्याण कोषको आम्दानीको अर्को स्रोत राजधानी काठमाडौंकै प्रदर्शनीमार्गस्थित नगर प्रहरी कार्यालय रहेको कम्पाउन्डकै उत्तरतर्फ रहेको प्रहरी गेस्ट हाउस तथा त्यससँगै निर्माण गरिएका सटरहरू हुन । प्रहरीले गेस्ट हाउस र सटर भाडामा लगाउँदै आएको छ।

सटरको तोकिएको मासिक भाडा सम्बन्धित पसल सञ्चालकले कल्याण कोषको खातामा जम्मा गर्छन। प्रहरी गेस्ट हाउस भने प्रहरी कल्याण कोषले नै सञ्चालन गर्दै ल्याएको छ । सो गेस्ट हाउस राजधानी काठमाडौं उपत्यकाभित्र निजी घरबास नहुने प्रहरी कर्मचारीलाई निजी वा सरकारी कामकाजको सिलसिलामा उपत्यकाभित्र आउनुपर्दा बस्न सहज बनाइ दिने उद्देश्यले स्थापना गरिएको हो।

गेस्ट हाउसको भुइँतलामा व्यावसायिक उद्देश्यले खोलिएका सटरबाहेक भवनको माथिल्लो तलाको अन्य सबै भाग गेस्ट हाउसकै प्रयोजनमा छ। सो गेस्ट हाउस बहालवाला प्रहरीका लागि मात्र होइन, पूर्वप्रहरी र प्रहरीका सन्ततिले पनि सहुलियत दरमा प्रयोग गर्न पाउँछन । हालसम्म सर्वसाधारणलाई त्यहाँ बस्ने इजाजत दिइएको छैन।

अतिथि गृह वा गेस्ट हाउसमा बस्न आउने आगन्तुकको चाप सधैं एकै नासको हुँदैन । कुनै महिना कम हुने र कुनै महिना बढी हुने गर्छ । यही कारणले गेस्ट हाउसको मासिक आम्दानी घटीमा ५० हजारदेखि बढीमा १ लाख २५ हजारसम्म पुग्ने गरेको बुझिएको छ । औसत रुपमा गेस्ट हाउसको आम्दानी कल्याण कोषलाई मासिक ७० देखि ८० हजार हुने गर्छ।

यसका अलावा प्रहरी कल्याण कोषको रकम संकलनको अर्को स्रोत प्रहरी पेट्रोल पम्प र होजियारी हो । यिनै विविध स्रोतबाट हालसम्म कम्तीमा १० अर्ब मौज्दात रहनुपर्ने अनुमान गरिएकामा चार अर्ब मौज्दात देखाएका कारण यसप्रति करिब ७० हजार पूर्वप्रहरी मात्र होइन, सेवामा रहेकै अधिकांश प्रहरीको चासोको विषय बनेको हो।

कल्याण कोषबाट पूर्वप्रहरी र बहालवाला प्रहरीले कस्तो सेवा सुविधा र सहुलियत पाउँदै आएका छन ? यसबारे संक्षिप्त चर्चा नगरिए यो स्तम्भ अधुरो हुने स्तम्भकारको धारणा छ। रकम संकलन र सुविधाका दृष्टिकोणले प्रहरी कल्याण कोषलाई वर्गीकृत गरी हेर्नुपर्ने हुन्छ। प्रहरी कल्याण कोषअन्तर्गत नै अर्को सेवारत प्रहरीको हितमा सञ्चालित विशेष कल्याण कोष छ।

पछि भएको व्यवस्थानुसार यस कोषमा प्रारम्भमा हरेक प्रहरी कर्मचारीबाट मासिक दुई सय ५० रुपैयाँका दरले रकम संकलन गर्ने गरिएको भए पनि पछि यो रकम क्रमशः वृद्धि गराउँदै पाँच सय हुँदै हाल एक हजार रुपैयाँ छ।

विशेष कल्याणकारी कोष स्थापना गर्नुको मुख्य उद्देश्य पनि सेवारत कर्मचारीलाई आवश्यक गर्दा सहुलियत दरमा ऋण प्रदान गर्ने, औषधि उपचारको व्यवस्था गर्ने, सेवामै रहँदा कसैको मृत्यु भए परिवारलाई क्षतिपूर्ति वा सहयोगबापत रकम प्रदान गर्ने तथा अवकाश हुँदा एकमुष्ठ रकम दिने उद्देश्यले विशेष कल्याण कोषको व्यवस्था गरिएको छ।

पूर्वप्रहरी कर्मचारीलाई भने प्रहरी अस्पतालबाटै निःशुल्क औषधि उपचारको व्यवस्था गरिएको छ । माथि उल्लिखित विविधि स्रोतबाट कल्याण कोषमा जम्मा भएको रकममध्ये ५० प्रतिशत पूर्वप्रहरीहरूकै तर्फबाट संकलन भएको तर उनीहरूले वार्षिक करिब तीन करोड बराबरको औषधि उपचार सेवा प्राप्त गर्दै आएको आधारमा कल्याण कोषको कम्तीमा ६ अर्ब रुपैयाँ हिनामिना भएको आशंकामा प्रहरीबाट यो सन्दर्भ उठेको हो।

यसबारेमा अबिलम्ब छानबिन होस भन्ने माग पूर्वप्रहरी संघको छ । यति ठूलो रकम घोटाला भएको भए पनि हालैका वर्षमा मात्र होइन, केही वर्ष पहिलेबाटै हुँदै आएको हुनसक्ने अनुमान पनि पूर्वप्रहरीले गरेका छन । केही वर्ष पहिलेबाट प्रहरी कल्याण कोष बारेमा बराबर प्रश्न उठ्दै आएको थियो ।

त्यसक्रममा छानबिन हुँदा प्रहरी पेट्रोल पम्पमा ठूलो रकम दुरुपयोग भएको पाइएपछि संलग्न व्यक्तिउपर कारबाही पनि भयो। पहिलेको तुलनामा ठूलो परिमाणको इस्यु उठेकाले संगठन प्रमुख आईजीपी वसन्त कुँवरलगायतका उच्च पदस्थ प्रहरी अधिकारीहरू अहिले आशंकाको घेरामा परेका छन ।

यस अवस्थालाई मध्यनजर राख्दै आइजीपी वसन्त कुँवरले नै संवेदनशील ढंगले छानिबनको प्रक्रिया अगाडि बढाई आशंकाको घेरामा परेका पदाधिकारी नचुकेको भए तत्काल उन्मुक्ति दिलाउने तथा यदि रकम दुरुपयोग नै भएको पाइए को कसको संलग्नता छ ? दोषीलाई कारबाही गरी प्रहरीको आशंका मेटाउन अग्रसर बन्नुपर्छ। (राजधानी दैनिक)

## भागेको थुनुवालाई ...

गते प्रहरीलाई चक्कु प्रहारपछि फरार रहेका कुँवरलाई प्रहरीले फागुन २१ गते नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार कुँवरविरुद्ध प्रहरीले अपहरण तथा बन्धक, ज्यान मार्ने उद्योग र जबरजस्तीकरणीको मुद्दा दर्ता गरेर अनुसन्धान गरिरहेको थियो ।

## तपाईंको आज

| | |
|---|---|
| मेष | कामहरु अवरुद्ध हुने |
| वृष | प्रेम सम्बन्धमा दरार |
| मिथुन | अनावश्यक खर्च हुने |
| कर्कट | जोश जाँगर बढ्ने योग |
| सिंह | दोहरो लाभ हुनसक्ने |
| कन्या | पराक्रम र धैर्य बढ्ने |
| तुला | कार्यसिद्धि र सफलता |
| वृश्चिक | श्रमको मुल्यांकन हुने |
| धनु | पारिवारिक झमेला |
| मकर | दैनिक कार्यमा प्रगति |
| कुम्भ | धर्म कर्ममा ब्यस्तता |
| मीन | फजुल धन खर्च हुने |

बीमा ऐन, २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले तत्कालीन कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशपन्छी बीमा निर्देशन, २०६९ जारी गरी नेपालमा औपचारिक र कानूनी रुपमा कृषि बीमाको सुरुवात गरिएको हो । कृषकहरुले लगाएका कृषिजन्य बाली तथा पालेका पशपन्छीहरु बाली तथा पशपन्छी बीमाको दायरामा पर्दछन । २०७५ साल वैशाख १ गते देखि बीमा समितिद्वारा हरेक बाली तथा पशपन्छी बीमा गर्ने बीमित रु. २ लाखको दुर्घटना बीमा (मत्यु, सुरक्षणम मात्र) अनिवार्य रुपमा गर्ने गरी समावेश गरेको छ । जसमा कुनै बाली र पशपन्छी बीमा अवधि एक वर्ष वा एक वर्ष भन्दा बढी छ भने बीमित ले रु. १०० तिर्नुपर्ने र बीमा अवधि एक वर्ष भन्दा कम भएमा रु. ५० तिर्नुपर्ने छ । यसर्थ, हरेक किसानहरुले आफुले पालेका पशुपन्छीहरुको बीमा गरेर भाविष्यमा हुन सक्ने ठुलो क्षति हुनबाट जोगिऔं । पशुपन्छीहरुको बीमा गरौं । व्यवसायीक रुपमा पशुपन्छी पालनमा जुटौं ।

भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

# मन्त्रीलाई शपथ गराइरहेका बेला सुदूरपश्चिमका प्रदेश प्रमुख बर्खास्त

● देवभूमी सम्वाददाता

**धनगढी**-सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशीले नवनियुक्त मन्त्रीलाई शपथ गराएलगत्तै सरकारले उनीसहित तीनवटा प्रदेशका प्रमुखलाई हटाउने निर्णय गरेको छ।

सोमबार नागरिक उन्मुक्ति पार्टीका सांसद लक्ष्मणकिशोर चौधरीलाई बिना विभागीय मन्त्रीको शपथ गराएर प्रदेश प्रमुख आफ्नो कार्यकक्षमा मुख्यमन्त्री, सभामुख र मन्त्रीहरूसहित बसिरहेका बेला सरकारले तीन प्रदेशमा प्रदेश प्रमुख पदमुक्त गरेको निर्णय सार्वजनिक भएको हो । सरकारले सुदूरपश्चिमको प्रदेश प्रमुखमा नजिर मियाँको नाम राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ।

# सडक क्षेत्रमा बनेका संरचना भत्काउदै भीमदत्त नगरपालिका

**महेन्द्रनगर (देस)**-कञ्चनपुरको भीमदत्त नगरपालिकाले सडक क्षेत्रमा बनाइएका संरचना हटाउन थालेको छ।

महेन्द्रनगर बजार क्षेत्रको मदन चोकमा बनेका २२ वटा सटर हटाउन भिमदत्त नगरपालिकाले डोजर प्रयोग गरेको हो । महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा बसपार्क-क्याम्पस रोड-मदन चोक क्षेत्रमा रहेका सटरहरु हटाउन थालिएको छ।

सटर भाडामा लिएर व्यवसाय गर्दै आएका व्यवसायीलाई विकल्प दिने गरी नगरपालिकाले सटर खाली गराउन थालेको हो। सडक क्षेत्रमा बनेका संरचनाका कारण क्षेत्रीय सहरी विकास योजनामार्फत बजार क्षेत्रमा निर्माण भइरहेको आधुनिक सडक र ढलको काम रोकिएको थियो । उक्त संरचना हटाएसँगै अब मदन चोक क्षेत्रमा थप सौन्दर्य थपिने भिमदत्त नगरपालिकाको अपेक्षा छ।


## सम्पुर्ण उपभोक्ता वर्गमा घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराको हार्दिक अनुरोध

तपाईले कुनै बस्तु वा सेवा खरिद गर्दै हुनुहुन्छ भने खरिद गर्नु पुर्व यो कुराहरुमा ध्यान दिनुहोस ।

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस ।
- उद्योग व्यवसायको कारोबार गर्ने स्थानमा साइनबोर्ड, उत्पादकको नाम, ठेगाना, प्यान भ्याट आदि दर्ता कागजात छन ? छैनन् ? हेर्ने र बुझ्ने गरौं ।
- औषधि, औषधिजन्य उत्पादन एवं अन्य उपभोग्य बस्तुमा लेबल, बस्तुको मुल्यसुँची, नाप तौल, उपभोग्य मिति आदि जाँचबुझ गरेर मात्र खरिद गरौं ।
- बस्तु उत्पादनका सिलसिलमा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तौरतरिका र सरसफाई छ ? छैन ? हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु हरेक उपभोक्ताको अधिकार हो । अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य बस्तुबाट हानी नोक्सानी हुने भएमा सम्बन्धित जिल्ला क्षतिपुर्ति समिति, स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं ।
- उपभोक्ता हित विपरित कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरेर असल उपभोक्ताको पहिचान दिलाऔं ।
- उद्योगी व्यवसायीहरुले पनि व्यपारसँगै कुशल व्यबहार गरेर असल व्यवसायीको पहिचान दिलाऔं ।

**घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

## तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा बिउ उत्पादन केन्द्र डडेल्धुराको अनुरोध

'बीउ गुनाको बोट, बोट गुनाको फल' उत्पादन हुने भएकाले गुणस्तरीय बीउविजनको प्रयोगगर्दै गुणस्तरीय बीउ उत्पादनको सुनिश्चिताका लागि संकेत पत्र (ट्याग) सहितको बीउ उत्पादनलाई प्रोत्साहन गरौं ।

**तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा बिउ उत्पादन केन्द्र डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

## नवदुर्गा गाँउपालिकाको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता ब्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई ब्यक्तिगत घटना दर्ता गराऔं ।
- विद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई बिद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सफा राखौं । खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं । २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्वर्द्धन गरौं ।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं ।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं । घर अगाडिको सडक सफाराखि नवदुर्गा गाउँपालिकालाई सुन्दर र स्वच्छ बनाउन सहयोग गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं । बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं ।
- स्वास्थ्य संस्थामै गएर दक्ष स्वास्थ्यकर्मीहरुबाट प्रसुती गराई आमा र बच्चालाई सम्भावित जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं ।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं ।
- सडक छेउछाउमा घर निर्माण नगरौं । नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- नवदुर्गा गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा सुविधा र अवशर दिन दत्तचित्त रहेकोछ । त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं । सुशासन प्रवर्द्धनका लागि सहकार्य गरौं ।
- नवदुर्गा गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं ।
- आवश्यक कागजात र प्रकृया पुरागरेर सेवा सहजै प्राप्त गर्नुहोस् ।
- भ्रष्टाचाररहित समाजको निर्माण गरौं । शुशासन प्रवर्द्धन गर्न हातेमालो गरौं ।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं । जातीय र लैगिंक हिंसा न्युनीकरण गरौं । कुनै पनि खालको विभेदको अन्त्य गरौं ।

| निर्मलाकुमारी बोगटी | दिलिपकुमार तामाङ | लक्ष्मीप्रसाद अवस्थी |
|---|---|---|
| उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |

**नवदुर्गा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

जस्तोसुकै छपाई सम्बन्धि कामका लागि अब बाहिर जानु पर्दैन ।

अब डडेल्धुरामा सुफथ मुल्यमा गुणस्तरीय रंगीन तथा सादा छपाई कार्य गर्नुपरेमा सदैव हामीलाई सेवाको अवशर दिनुहोस ।

**न्यू कैलपाल प्रिन्टिङ प्रेस**

अमरगढी-५ तुफानडाँडा, डडेल्धुरा



९८४८७४३८०३
९८४७४९१३०१
९८४८७८८८४२
यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गरिन्छ ।

## सुपथ मुल्यमा भरपर्दो उपचारका लागि

**चिरञ्जीवी पोलि क्लीनिक**

पुरानो रेडक्रस भवन, बागबजार, बगरकोट रोड, डडेल्धुरा, फोन नं. ०९६-४२०७८०

यस पोलिक्लिनिकबाट उपलब्ध सेवाहरु

- २४ सै घण्टा आकस्मिक (ईमर्जेन्सी) सेवा ।
- ओ.पी.डि. सेवा ।
- सुविधा सम्पन्न आधुनिक ल्याव सेवा ।
- महिला डाक्टरद्वारा महिलाहरुको चेकजाँच ।
- बिभिन्न रोगको नि:शुल्क परामर्श सेवा ।
- नियमित गर्भजाँच, सुत्केरी जाँच गराईने ।




डा. निर्मला भट्ट

फोन नं. ०९६-४२०७८०


झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.का लागि **गोपाल थापाद्वारा** प्रकाशित न्यू कैलपाल प्रिन्टङ प्रेसद्वारा मुद्रित सम्पादक : **गणेशबहादुर मगर**
**कार्यालय:** अमरगढी न.पा.-५ डडेल्धुरा सम्पर्क नं. ९८४८७६७५५३ **Email :** devbhumeenews@gmail.com, प्रधान सम्पादक:**राम धामी**